डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

प.स. ०७६।७७

च.नं.

Website: dilasainimun.gov.np

Email: drmbaitadi@gmail.com

मितिः- २०७६/११/३०

## कोरोना भाईरस (कोभिड-१९) सम्बन्धी जनहितमा जारी सन्देश

मित्र राष्ट्र चीनको हुवेई प्रान्तबाट फैलिएको कोरोना भाईरस (COVID-19) अहिले चीन, भारत लगायतका अन्य देशहरुमा देखिएको अवस्था छ । विश्व स्वास्थ्य संगठनले कोरोना (COVID-19) लाई पब्लिक हेल्थ इमर्जेन्सी अफ इन्टरनेशनल कन्सर्न समेत घोषणा गरिसकेको छ । तसर्थ कोरोना भाईरस (COVID-19) लाई मध्यनजर गरी जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने सम्भावनालाई दृष्टिगत गरी यस गाउँपालिका भित्र कुनै पनि प्रकारका बृहत भेला, सभा, समारोह आदि कार्यक्रम गर्न उपयुक्त नभएकाले स्वास्थ्य संस्थाहरुले गर्ने व्यवस्थित स्वास्थ्य सचेतना कार्यक्रम बाहेक अन्य बृहत भेला, सभा, समारोह नगर्न तथा त्यस्ता कार्यक्रममा सहभागिता नजनाउन हुन साथै यसबाट बच्न विज्ञहरुले सुझाएका तपशिल बमोजिमका सचेतनाका उपायहरु अबलम्बन गर्न सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

(उकेन्द्र बहादुर बोहरा)

गाउँपालिका अध्यक्ष

**गाउँपालिका अध्यक्ष**

**तपशिलः-**

- हात मिलाउनुको साटो नमस्कार गरौं ।
- अंकमाल नगरौं ।
- भोज भतेरको नाममा भिडभाड नगरौं ।
- अनिवार्य रुपमा मास्कको प्रयोग गरौं ।
- नियमित रुपमा साबुन पानीले हात धोऔं ।
- हाछ्युँ गर्दा वा खोक्दा रुमालले मुख छोपौं ।
- चरा, मुसा, बिराला, कुकुर जस्ता जनावरहरुबाट टाढा रहौं तथा छोईसके पछि तुरुन्तै साबुन पानीले हात धोऔं ।
- व्यक्तिगत तथा पारिवारिक सरसफाईमा विशेष ध्यान दिने गरौं ।
- मेला, पर्व, दिवस, उत्सव, सम्मेलन नगरौं ।

*सक्षम निजामति प्रशासन: विकास, समृद्धि र सुशासन*

Scanned by TapScanner